भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३


पत्र संख्या :- २०८२/०८३
चलानी नं :- ६८९

मिति :- २०८२/०८/०३

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि संस्था सुचिकृत हुने वारेको सूचना

दोस्रो पटक सूचना प्रकासन मितिः२०८२/०८/०३

प्रस्तुत विषयमा यस भानु नगरपालिकाको आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम तर्फको **उत्पादनमा आधारित अनुदान कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले यस भानु नगरपालिका भित्रका उत्पादक कृषकहरुबाट कृषि उपज खरिद विक्री गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद बिक्रि केन्द्र, साझेदार कृषि वजार, संकलन केन्द्र लगायत विभिन्न ईच्छुक संस्थाले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र मिति २०८२/०८/०९ गते कार्यालय समय भित्रमा सुचिकृत हुनको लागि यस नगरपालिकाको कृषि विकास शाखामा देहाय बमोजिमका कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ। साथै नगरपालिकाले सुचिकृत गरेको संस्थामा विक्रि गर्न चाहाने कृषकले देहायको कागजात सहित कार्यालय समय भित्र निवेदन पेश गर्नु हुन अनुरोध छ।

शर्तहरु

१.सुचिकृत संस्थाले भानु नगरपालिकाले तोकेको मुल्यमा कृषि उपज खरिद गर्नु पर्नेछ।
२.उत्पादित कृषि उपज नगरपालिकाले तोके अनुसारको गुणस्तरको हुनुर्नेछ।
३.सुचिकृत संस्था मार्फत कृषि उपज विक्रि गर्ने उत्पादक कृषकलाई कृषि उपज विक्री गरे वापत कृषि उपजको परिमाण वमोजिमको अनुदान रकम नगरपालिकावाट उपलव्ध गरिनेछ।
४.सुचिकृत सस्थाले यस कार्यक्रममा सहभागि भइ उत्पादक कृषकहरुवाट कृषि उपज खरिद गरेपश्चचात खर्च व्यावस्थापका लागि कृषि उपजको परिमाण वमोजिमको अनुदान रकम नगरपालिकावाट उपलव्ध गरिनेछ।
५. सुचिकृत कृषकले यस कार्यक्रममा सहभागि भइ सुचिकृत संस्थामा कृषि उपज गरेपश्चचात खर्च व्यावस्थापका लागि कृषि उपजको परिमाण वमोजिमको अनुदान रकम नगरपालिकावाट उपलव्ध गरिनेछ।
६.उत्पादक कृषकहरुबाट कृषि उपज खरिदका लागि आवश्यक बजेट सुचिकृत संस्था स्वयंले व्यवस्था गर्नुपर्नेछ।

आवश्यक कागजातहरु

खरीद गर्न चाहानेको हकमा

१.तोकिएको ढाँचामा निवेदन,
२.सुचिकृत हुन चाहाने संस्थाको निर्णय,
३.वडा कार्यालयको सिफारिस,
४.संस्थाको हकमा दर्ता प्रमाण पत्र कर चुक्ता र गत वर्षको लेखा परिक्षण, प्रतिवेदनको प्रतिलिपि,
६.कृषि उपज खरिद गर्न चाहेको कृषि उपज र परिमाण,
७.उत्पादक कृषकहरुबाट कृषि उपज खरिद गर्न चाहेको क्षेत्र/स्थान
८.कृषि उपज खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत,
९.भण्डारण सम्वन्धी व्यवस्था,
१०.खरिद, ढुवानी, प्रशोधन तथा बजार व्यवस्थापन सम्वन्धि विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्वन्धि विवरण,
११.कृषि विकास शाखामा चाहिने अन्य विवरण।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत